# बर्दिबास घटनाको अनुगमन प्रतिवेदन

**वि. स. २०७७ मङ्सिर ११ का दिन तराई मानव अधिकार रक्षक संजालको पहलमा राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य एवं मानव अधिकारकर्मी मोहना अन्सारीसहितको एक टोलीले महोत्तरीको बर्दिबासमा घटेको घटनाको स्थलगत अनुगमन गरी यो प्रतिवेदन तयार पारिएको हो ।**

## घटनाको पृष्ठभूमि

वि. सं. २०७७ मङ्सिर ७ गते दिउँसो घर नजिकैको पसलमा 'चक्लेट' किन्न गएकी महोत्तरी जिल्ला बर्दिबास निवासी साहिद अन्सारीकी ६ वर्षीया छोरी गुल अफसा खातुन घर फर्किनन् । त्यसपछि साहिद, उनका परिवारका सदस्यहरुले स्थानीय र छिमेकीको सहयोगले गाउँभरि खोजीकार्य गरे तर छोरी फेला परिनन् । सोही दिन साहिदले आफनो छोरी हराएको बारे ईलाका प्रहरी कार्यालय बर्दिबासलाई जानकारी गराएका थिए तर प्रहरीहरुले समेत त्यस दिन खोज्न चासो दिएनन् ।

मङ्सिर ९ गतेका दिन ईलाका प्रहरी कार्यालय बर्दिबासले सो बालिकाको शव बोरामा फालेको अवस्थामा उनको घर नजिकैको स्थानबाट बरामद गरेको थियो । प्रहरीले हत्याका आरोपीले दिएको जानकारीको आधारमा त्यो शव फेलापारेको थियो ।

गुल अफसाका परिवारका अनुसार गौशाला नगरपालिका ५ घर भई हाल बर्दिबास नगरपालिका १४ बस्ने २६ वर्षीय अरुणकुमार साहले बालिकालाई अपहरण गरी घरमा लुकाई राखेका थिए । साँझ परेपछि उनले बालिकालाई बलात्कारपछि हत्या गरी बोरामा राखी लाशलाई फालेर आफ्नो गाउँ गौशाला गएका थिए । प्रहरीका अनुसार आरोपी अरुणले बालिकाको हत्या गरेर फालेको कुरा आफ्नो घरपरिवारमा समेत बताएका रहेछन् । निज अरुणका बुवाले आफ्नो छोराले छिमेकी छोरी गुल अफसांको हत्या गरी लाश फालेको कुराको जानकारी प्रहरीमा गराएका थिए । यसरी बुवा स्वयंम्ले अरुणलाई प्रहरी कार्यालय गौशालामा ल्याएर मङ्सिर ८ गते राति १२ बजे बुझाएका थिए । सोही राति नै प्रहरीले अरुणलाई बर्दिबास लगेर बालिकाको शव फालेको स्थान देखाउन प्रहरीले शव बरामद गरेको थियो । महिला हिंसाविरुद्धको १६ दिने अभियान शुरु हुने दिनका पूर्व सन्ध्यामा ६ वर्षीया बालिका गुल अफसां को बलात्कार र हत्या भयो् ।

मङ्सिर ९ का दिन बालिकाको हत्याको विरोध गर्दै परिवार तथा स्थानीयहरुले बर्दिबासस्थित पूर्व पश्चिम राजमार्ग अवरुद्ध गरेर दिनभर प्रदर्शन गरेका थिए । प्रदर्शनको क्रममा राजमार्ग खुलाउन प्रहरीले चलाएको गोली लागेर तीनजना स्थानीय घाइते भएका थियो । घाइतेभएका मध्ये स्थानीय बासिन्दा संजय भनिने बर्दिवास नगरपालिका वडा नं. १ बस्ने ३२ वर्षीय बुद्धिराज न्यौपानेको दायाँ तिघ्रामा चारवटा गोली लागेको थियो । हेलिकोप्टरबाट काठमाडां ल्याइएको न्योपानेको काठमाडौंको अस्पतालमा उपचारको सिलसिलामा मृत्यु भएको थियो । अर्का घाइते सोही वडा नं. ५ का २८ वर्षीय श्याम कार्कीलाई थप उपचारका हेलिकप्टरबाट काठमाण्डौ पठाइएको थियो । उपचारको क्रममा गम्भीर घाइते अवस्थामा रहेको न्यौपानेको मृत्यु भयो भने अर्का गम्भीर घाइते कार्की भने हालउपचाररत छन् । अर्को घाईते २५ वर्षीय अफताब आलम टाउको फुटेको र उनको स्थानीय शुभ स्वस्तिक अस्पतालमा उपचार भइरहेको छ भन्ने कुरा उनका आफन्तको भनाइ रहेको छ ।

मङ्सिर ९ का दिन परिवार एवं स्थानीय जनताविहानैदेखि प्रदर्शनमा रहेका थिए र प्रहरीलाई राजमार्ग खुलाउने बिषयमा प्रहरी र स्थानीयबीच केही समय झडप भएको अवस्था थियो ।

परिवारका सदस्य एवं स्थानीय जनताको प्रदर्शनका बीच प्रहरीले प्रदर्शन गरी रहेकाहरुसंग शवआफ्नो नियन्त्रणमा लिनको लागि अन्दाजी एकसयभन्दा बढी राउण्ड हवाई फायर गरेका थिए । शवलाई पोष्टमार्टम गर्न प्रादेशिक अस्पताल जनकपुर पठाएको थियो। बालिकाको शवको पोस्टमार्टम गरिए तापनि पीडित परिवारले अहिलेसम्म प्रतिवेदन पाएको छैन् र घट्नाको प्रगतिबारे पनि आफन्तलाई जानकारी गराइएको छैन् ।आफन्तका सहमतिबिनै बालिकाको शव उठाएर पोस्टमार्टमका लागि जनकपुरधाम लगिएको आरोप परिवारको रहेको छ।

यसैबीच, आक्रोसित स्थानीयहरुले सोहीदिन हत्या आरोपी अरुण साहको बर्दिबासस्थित घरमा आगजनी गरेको थियो । निज आरोपित अरुण साहको घरमा आगजनी गर्दा घरको सुरक्षामा सशस्त्रप्रहरी रहेको थियो । यसरी आगजनीबाट घर जलेर पूर्णरुपमा क्षतिग्रस्तभएको छ। घट्नास्थलपुग्दा तेश्रो दिनपनि घर दन्दन्ती बलेको देखिन्थ्यो।

मङ्सिर ९ गतेदेखि १२ गतेसम्म पीडित परिवार तथा स्थानीयहरुले बर्दिबास स्थित पूर्वपश्चिम राजमार्ग अवरुद्ध गरी प्रदर्शन गरेका थिए।

## घटना अनुगमनको क्रममा पाइएका तथ्यहरु

२०७७ मङ्सिर ११ का दिन बर्दिबास पुगेर अनुगमन टोलीले बलात्कार गरी हत्या भएकी बालिकाको परिवार र प्रहरीको गोली लागी मृत्यु भएका बुद्धिराज न्यौपानेको परिवारहरुलाई भेटेको थियो। अनुगमनका क्रममा पीडितको छिमेकीहरु, स्थानीय प्रदर्शनकारी तथा स्थानीय पत्रकारहरुसित कुराकानी गरेको थियो । यसका साथै बार्दिबास प्रहरी कार्यालयका प्रहरी प्रमुखसँग समेत घटना बारे जानकारी लिएको थियो । प्रदेश नम्बर २ का जनकपुरस्थित मूख्यन्यायधिवक्ता एवं त्यस कार्यालयका पदाधिकारीसमेत लाई भेटी घटनाको अनुगमन र पीडित परिवारलाई न्याय तथा क्षतिपूर्ति दिलाउनको लागि प्रदेश सरकारले गरेको वा भैरहेको पहलबारेमा समेत जानकारी लिएको थियो।

## घटना अनुगमनको क्रममा तपसील बमोजिम तथ्यहरु पाइए ।

क) गुलअफसांको बुबाकाअनुसार उनकी छोरी हराइरहेको घटनाबारे इलाका प्रहरी कार्यालय बर्दिबासमा तत्कालै उजुरी र जानकारी गराएको तर प्रहरीले आफूले ८ बजे बेलुका मात्र जानकारी पाएको बताए। त्यसपछि मात्र प्रहरीले बालिकाको खोजतलास कार्य शुरु गरेको बुवा एवं स्थानीयको भनाइ रहेको। बालिकाको बाबुले घट्ना लगत्तै प्रहरीले खोजतलासको कार्य शुरु गरेको भए बालिका जीवित अवस्थामै फेला पार्न सकिन्थ्यो भने।

ख)निज ६ बर्षीय बालिकालाई बलत्कार गरी हत्या गरेको आरोप अरुणकुमार साहमाथि रहेको छ। महोत्तरीको गौशाला नगरपालिका ५ मा अरुणको मूलघर छ भने अर्को घर बर्दिबास नगरपालिका १४ मा छ। बर्दिबासको घरमा उनले पसल थापेर व्यापार गर्दै आएका थिए।

ग) बालिका हराएको सुचना पाए लगत्तै प्रहरीको सक्रियता नहुनु तथा न्यायका लागि स्थानीयहरुले प्रदर्शन गर्नुपर्ने सो प्रदर्शनमा प्रहरीको संयमता नहुनु र प्रदर्शनको क्रममा अत्यधिक बलको प्रयोगका कारण नेपाल प्रहरीप्रति पीडित परिवार तथा स्थानीयहरुको आक्रोस रहेको पाइयो।

घ) प्रदर्शनको क्रममा राजमार्ग खुलाउन र मृतक बालिकाको शव जबरजस्ती आफ्नो नियन्त्रणमा लिई पोष्टमार्टमका लागि पठाउनको लागि प्रहरीले अत्यधिक बलको प्रयोग गरेको पाइयो ।

प्रदर्शनकारीहरुबाट शव आफ्नो नियन्त्रणमा लिने र शव लैजाने क्रममा प्रहरीले एकसयभन्दा बढी राउण्ड हवाई फायर गरेको पाइयो ।

ङ) प्रदर्शनका कारण उत्पन्न तनावपूर्ण स्थितिलाई साम्य पार्न ठूलो संख्यामा शसस्त्र प्रहरी बल र नेपाल प्रहरी परिचालित रहेका थिए तरपनि नेपाल प्रहरीले अत्यधिक बलको प्रयोग गरेको थियो ।

च)नेपाल प्रहरीको गोली लागेर तीनजना स्थानीय गम्भीर घाइते भएका थिए । तीमध्ये संजय भनिने बर्दिवास वडा नं. १ बस्ने ३२ वर्षीय बुद्धिराज न्यौपानेको दायाँ तिघ्रा छतबिक्ष भएका र वडा नं. ५ का २८ वर्षीय श्याम कार्कीलाई चारवटा गोली लागेको थियो । गम्भिर रहेका न्यौपानेलाई उपचारको लागि काठमाण्डौमा ल्याइएको र उपचारको क्रममा उनको मृत्यु भयो भने गम्भीर घाइते भएका कार्कीको हाल पनि उपचार भै रहेको छ । अर्को घाईते २५ वर्षीय अफताब आलमको टाउको फुटेको र उनको स्थानिय शुभ स्वस्तिक अस्पतालमा उपचार भइरहेको छ भन्ने उनका परिवारका सदस्यले जानकारी गराएका थिए ।

छ) रबरको गोलीको सट्टा नेपाल प्रहरीले घातक गोली चलाएको कुरा स्थानीयबाट प्राप्त गोलीको खोकाबाट खुलेको छ । सो गोली नेपाल प्रहरीको घातक गोली भएको देखिन्छ र संजय भनिने बुद्धिराज न्यौपानेको मृत्यु गोली लागी गम्भीर घाइते भएको अवस्थामा भएको हो । श्याम कार्कीलाई रबरको गोली लागेको हो भन्ने कुराको जानकारी प्रहरी र आफन्तले गराए ।

ज) बालिकाको परिवार र स्थानीयहरुले नेपाल प्रहरीका सई बीरेन्द्र सिंह र हवल्दार फुलगेन मण्डलले बालिका हत्या आरोपीलाई सहयोग गरेको आरोप लगाएका छन् । बालिका बेपत्ता भएकै दिन बालिका बलात्कार तथा हत्या आरोपमा पक्राउ परेका अरुण साहकै घरमा दुवै प्रहरीलेसँगै खाजाखाएको बालिकाको परिवार तथा स्थानीयहरुको भनाइ छ।

झ) बालिका बलात्कार र हत्या आरोपी अरुणकुमार साह यसअघि पनि हत्या आरोपमा पक्राउ परी लकडाउनका बखत २०७७ वैशाख २८ गते अदालतको आदेशबाट धरौटीमा रिहाभएका थिए । आरोपित साह र आफनै साथी दिलीप ठाकुरसँगै रक्सी खाएर आउने बेला दुवैबीच झगडा भएर ढुंगाहानाहानहुदां अरुणका साथी दिलीप ठाकुरको मृत्यु भएको थियो । उक्त घट्नामा दुवै घाइते भएका थिए तर अरुणले हानेको ढुंगाले ठाकुरको मृत्यु नै भएको थियो । यसरी अरुण दिलीप ठाकुरको हत्या आरोपमा गिरफ्तार भइ कर्तव्य ज्यान मुद्दामा महोत्तरी जिल्ला प्रहरी कार्यालयबाट अदालतमा मुद्दा चलिरहेको अवस्था थियो । तर थुनछेक आदेशको क्रममा महोत्तरी जिल्ला अदालतले उनलाई धरौटीमा रिहा गर्ने आदेश दिएका कारण उनी रिहा भै बर्दिबास घरमा बस्न थालेका थिए ।अदालतको आदेश विरुद्ध उच्च अदालत जनकपुरधाममा पुनरावेदन समेत गरिएको छ तर आदेश भने आइसकेको अवस्था छैन ।

## सिफारिश

**बालिकाको बलात्कार एवं हत्या र न्यायका लागि स्थानीयहरुको प्रदर्शनको क्रममा प्रहरीको गोलीबाटभएको मृत्यु र घाइतेसहितको घटनालाई सरकार, न्यायपालिका तथा सुरक्षा निकायले स्वतन्त्र र निश्पक्ष ढंगले छानबिन गरी प्रतिवेदन सार्वजनिक गर्ने र त्यसअनुरुप कारबाही गरेर पीडितलाई न्याय दिनुपर्ने प्रत्याभुति गर्नुपर्दछ । साथै प्रदर्शनका क्रममा भएका घाइतेहरुहरुलाई निःशुल्क उपचार तथा बालिका र प्रहरीको गोलीबाट मारिएका परिवारहरुलाई उचित क्षतिपूर्तिको प्रत्याभुति गर्नुपर्दछ ।**

मङ्सिर १० गते स्थानीय प्रशासन र सर्वपक्षीय वार्ता समितिबीच चारबुँदे सहमति भएको थियो । यसैबीच बालिका गुल अफसाँको परिवार र सोको विरोधमा भएको प्रदर्शनमा सुरक्षाकर्मीको गोली लागी मारिएका न्यौपानेको परिवारलाई बर्दिबास नगरपालिकाले जनही २ लाख ५० हजार रुपैयाँको दरले राहत दिने निर्णय गरेको छ। दुबै मृतक परिवारका दक्ष व्यक्तिलाई नगरपालिकाले रोजगारी दिने, बालिकाहत्या र प्रदर्शनको क्रममा सुरक्षाकमीको गोली लागि मृत्यु भएका घटनाको न्यायिक छानबिन, दुवै मृतक परिवारलाई उचित क्षतिपूर्ति, घाइतेको निःशुल्क उपचार र प्रहरीको गोली लागि ज्यान गुमाएका न्यौपानेलाई शहिद घोषणा गर्न नेपाल सरकारसमक्ष माग गर्ने कुरा मङ्सिर ११ गते बर्दिबास नगरपालिकाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

मङ्सिर ११ गते गृहमन्त्रालयले उपसचिवको संयोजकत्वमा तीन सदस्यीय छानबिन टोली गठन गरेको छ । त्यसैगरी यस घटनाको प्रारम्भिक अनुगमन राष्ट्रिय मानव अधिकार आयोगको प्रादेशिक कार्यालय समेतले गरेको छ ।जसको कारणले अशान्त बनेको बर्दिबास र आक्रोशित पीडित परिवार तथा स्थानीयहरुले आफ्नो प्रदर्शनलाई अन्त गरेको छ।

मङ्सिर १२ गतेका दिन बालिकाका बुबा साहिद अन्सारीले गौशाला-५ का २६ वर्षीय अरुण साहमाथि ईलाका प्रहरी कार्यालय बर्दिबासमा जाहेरी दर्ता गरेको छ, जसको दर्ता नं ३९ रहेको छ ।जाहेरीमा अपहरण, शरीर बन्धक, जबरजस्ती करणी र कर्तव्य ज्यानलगायत चार कसुरहरु उल्लेख छन । प्रहरीले आरोपी साहलाई पक्राउ गरेको छ ।

हत्या प्रकरणमा आरोपीलाई सई बीरेन्द्र सिंह र हवल्दार फुलगेन मण्डलले सहयोग गरेको आरोप लागेपछि उनीहरुलाई जिल्ला प्रहरी कार्यालय जलेश्वर तानिएको छ ।

## निश्कर्ष

यस घटनामा बालिका गुल अफसां हराइरहेको सुचना परिवारबाट पाउने लगतै प्रहरीले तदारुक्ताका साथ परिवार, छिमेकी र स्थानीयको साथ सहयोगले खोजीकार्य गरेको भए बालिकाको ज्यान जोगाउन सक्थ्यो होला । तसर्थ, बालबालिका सम्बन्धी उजुरीमा प्रहरीले गम्भीर एवं तदारुकता देखाउनु पर्छ । अभिभावकको सूचना महत्वपूर्ण हुन्छ र अभिभावकलाई शंकालागेको कुरा प्रहरीको अनुसन्धानमा सहयोगी हुनसक्छ ।


न्यायका लागि पीडित परिवार र स्थानीयहरुले गरेको प्रदर्शनको क्रममा प्रहरीको गोलीबाट भएको मृत्युको घटनाले नेपालको संविधान २०७२ को धारा १६ मा मानिसको बाँच्न पाउने हकलाई उल्लङ्घन गरेको देखिन्छ । संघीय लोकतान्त्रिक शासन व्यवस्थामा जनताको जीउज्यानको सुरक्षा गर्नु राज्यको प्रथम दायित्वहो ।

हामीसँग उपलब्ध प्रमाणहरुले के देखाउँछ भने पीडितहरुले कुनै गम्भिर खतरा पैदा गरेका थिएनन् न त अन्य व्यक्तिहरुबाट नै कुनै खतरा सिर्जना भएको थियो । यस्तो परिस्थितिमा प्रहरीले अनुपातिक रुपमा बलको प्रयोग गर्नुपर्थ्यो । तसर्थ, सुरक्षाकमीहरुले बलको प्रयोग सम्बन्धी सिद्धान्तहरु सम्बन्धमा रहेको राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनहरुको पालना गर्नुपदछ । अन्धाधुन्ध तथा अत्यधिक बलको प्रयोग तत्काल रोक्नुपर्छ र प्रहरीले संयमित हुन आवश्यक र अनुपातिक रुपमा मात्र बलको प्रयोग गर्दा जीउधनको क्षति नपुगोस् भन्ने कुराको ख्याल गर्नुपदर्छ ।

अभियुक्तको घरमा भएको आगजनीको घट्नाले न्यायप्रतिको अविश्वास तथा प्रहरी, प्रसाशनप्रतिको निराशाले आम जनमानसमा बलात्कार र हत्या जस्ता जघन्य घट्नाले जन्माएको बढ्दो आक्रोस देखिन्छ। अत: न्याय मर्न नदिन तथा न्यायको सुनिश्चितताका लागि प्रहरीप्रशासनको भुमिका अहम हुन्छ।

## परिच्छेद

१.बर्दिबासनगरपालिकाले जारी गरेको विज्ञप्ती



बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
प्रदेश न २
२०७३

पत्र सं :
च. नं. :

मितिः २०७७।०८।११

**विषयः प्रेष विज्ञप्ति।**

**आदरणीय बर्दिवास नगरबासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाईहरु**

मिति २०७७ साल मंसीर ७ गते बेलुकाबाट बर्दिबास नगरपालिका वडा नं १४ निवासी ६ बर्षकी बालिका गुलाब्सा खातुन बेपत्ता भएको खवर पश्चात स्थानीय प्रहरी प्रशासन,जनप्रतिनिधि एवम् नगर प्रहरी समेत परिचालन गरी खोजी कार्यलाई तिव्रता दिएकोमा मंसीर ८ गते हत्या गरी फालिएको मृत अवस्थामा भेटिएको र त्यस्तो जघन्य अपराध गर्ने गौशाला नगरपालिका वडा नं ५बस्ने अरुण साह भन्ने व्यक्तिलाई कारबाहीको माग गर्दै निस्किएको विरोध प्रदर्शनमा प्रहरीको गोलीद्वारा महोत्तरी जिल्ला बर्दिबास नगरपालिका वडा नं १ बस्ने सामाजिक अगुवा बुद्दिराज न्यौपानेको (सञ्जय) उपचारको क्रममा मृत्यु भएको घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै मृतक प्रति हार्दिक श्रद्धान्जी एवम् सोक सन्तप्त परिवार र आफन्तमा गहिरो समवेदना व्यक्त गर्दछु।
घटनाको सत्यतथ्य एवम् निष्पक्ष छानबिन गरी दोषी माथि हदै सम्मको कारवाही गर्न न्यायिक आयोग गठन, मृतक बुद्दिराज न्यौपानेलाई शहीद घोषणा तथा दुवै मृतकका परिवारलाई उचित राहत क्षतिपूर्ति एवम् घाइतेको निःशुल्क उपचारको लागि नेपाल सरकार समक्ष जोडदार माग गर्दछु। बर्दिबास नगरपालिकाको तर्फबाट दुबै मृतक परिवारलाई जनही रु२,५०,०००।(दुई लाख पचास हजार )का दरले राहत उपलब्ध गराउने निर्णय गरेको कुरा समेत अवगत गराउन चाहन्छु र गोली लागि मृत्यु भएका बुद्धिराज न्यापानेको परिवारका एक जना सदस्यलाई योग्यता र क्षमताको आधारमा रोजगारी उपलब्ध गराउने समेत प्रतिवद्धता व्यक्त गर्दछु।
यस घटनामा घाइते भएका श्याम कार्की र अफताव आलमको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। घटनाको निष्पक्ष छानविन गरी दोषी उपर कानूनी कारवाही गर्न स्थानीय सरकार,जनप्रतिनिधि, राजनैतिक दल, नागरिक समाज सबै क्रियाशिल एवम् प्रतिवद्ध रहेका छन्। आवेगद्वारा होइन, विवेक र धैर्यताद्वारा बास्तविकतामा पुग्न र अनाबश्यक टिप्पणी, लान्छना र आरोपबाट माथि उठी तथ्यमा आधारित भई आफ्ना विषयहरु व्यक्त गर्दै विषम परिस्थिमा संयमता अपनाई दोषी उपर कानूनी कार्वाही गरी पिडीतलाई न्याय उपलब्ध गराउने कार्यमा सहयोग गरिदिनु हुन समेत सम्पूर्ण नगरबासीहरुमा हार्दिक अपिल गर्दछु।

विदुर कार्की
नगर प्रमुख

२.गृहमन्त्रालयले जारी गरेको विज्ञप्ती

नेपाल सरकार

# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np
सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-

## विज्ञप्ति

मिति २०७७/०८/०७ गते महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका वडा नं. १४ निवासी सहिद अन्सारीको छोरी अन्दाजी वर्ष ६ की गुलावसा खातुनको हत्या भएको विषयलाई लिएर प्रदर्शनरत संजय भन्ने बुद्धिराज न्यौपाने प्रदर्शनको क्रममा घाइते भई बर्दिबास स्थित पिनाकल हस्पिटलमा उपचार पश्चात थप उपचारको लागि हेलिकप्टरबाट काठमाडौं ल्याईएकोमा उपचारको क्रममा मृत्यु भएको साथै प्रदर्शनको क्रममा घाइते भएकाहरुको काठमाडौंमा उपचार भइरहेको छ ।

गुलावसा खातुनको हत्यामा संलग्नलाई नियन्त्रणमा लिई आवश्यक कानूनी कारबाहीका लागि प्रकृया अगाडि बढाइएको र उक्त हत्याको घटनाको विषयलाई लिएर गरिएको प्रदर्शनको क्रममा घाइते भई उपचारको क्रममा मृत्यु भएको विषयमा सत्यतथ्य छानबिन गर्न नेपाल सरकार गृह मन्त्रालयको मिति २०७७/०८/११ गतेको निर्णयानुसार मन्त्रालयका उपसचिवको संयोजकत्वमा ३ सदस्यीय छानबिन समिति गठन भएको छ । मृतक गुलावसा खातुन र प्रदर्शनको क्रममा मृत्यु भएका बुद्धिराज न्यौपानेको परिवारलाई उचित राहत/क्षतिपूर्ति उपलब्ध गराउन र घाइतेहरुको उपचार खर्च नेपाल सरकारले व्यहोर्ने प्रकृया अगाडि बढाईसकिएको छ ।

ती दु:खद् घटनाका मृतकहरुप्रति यस मन्त्रालय हार्दिक श्रद्धाञ्जली एवं मृतकका परिवारजन प्रति समवेदना प्रकट गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ । साथै यस प्रकृतिका जघन्य अपराधका घटनाको अनुसन्धानमा कुनै कसर बाँकी नराखी दोषीलाई अविलम्ब कानूनी दायरामा ल्याई हदैसम्म कारवाही गर्ने बिषयमा मन्त्रालय दृढतापूर्वक लागेको हुँदा शान्ति सुव्यवस्था कायम गरी अनुसन्धान कार्यमा सहयोग पुऱ्याउन सम्बद्ध सबैसँग हार्दिक अपिल समेत गर्दछ ।

मिति: २०७७/०८/११

८/११
चक्र बहादुर बुढा
सहसचिव/प्रवक्ता

३ स्थानियबाट प्राप्तचलाएको नेपालप्रहरीको लाईभ बुलेटको खोका




४. बुद्धिराजन्यौपानेलाई गोलीलागेको स्थान



५. बालिकालाई फालेको स्थान

